नौमूले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले, दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या:- २०८१/०८२ (पशु सेवा शाखा)

## कार्यक्रममा सहभागी हुन प्रस्ताव आव्हान सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०८१/१२/२२)

आ.व. २०८१।०८२ मा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र नौमूले गाउँपालिकाको साझेदारीमा संचालन हुने गरी स्वीकृत कार्यक्रम अनुसार तपशिल बमोजिमको कार्यक्रम संचालन गर्नु पर्ने भएकाले लागत साझेदारी (५० प्रतिशत) मा कार्य गर्न ईच्छुक पशुपालन सहकारी संस्था, कृषक समूह/समितिहरूले आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (अर्थात मिति २०८२/०१/०५ गते) सम्म कार्यालय समयभित्र यस नौमूले गाउँपालिकाको पशु सेवा शाखामा अनुसूची १० (प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना कार्यान्वयन म्यानुअल-२०७७, पहिलो संसोधन २०८१ को परिच्छेद-४ को ४.१.९.१ (क) अनुसार) बमोजिमको ढाँचामा निवेदन दर्ता गर्नु हुन सम्वन्धित सबैमा जानकारी गराईन्छ । रीत नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका निवेदनहरू छनौटका लागि समावेश नहुने व्यहोरा समेत अनुरोध छ ।

तपशील:

| क्र.सं. | कार्यक्रमको नाम | संख्या | जम्मा बजेट रकम रू. |
|---|---|---|---|
| १. | आ.व. २०८१।०८२ मा नयाँ बाखा पकेट विकास कार्यक्रम संचालन | ३ | ३०,००,०००।- |

निवेदन साथ पेश गर्नु पर्ने कागजातहरू:

१. अनुसूची १० बमोजिमको आवेदन (रू. १० को हुलाक टिकट टाँस गरीएको) ।
२. सम्वन्धित निकायमा पशुपालन समूह/सहकारी संस्था दर्ता तथा नविकरण भएको प्रमाण पत्रको प्रतिलिपि ।
३. स्थायी लेखा नम्बरको प्रतिलिपि ।
४. कर चुक्ताको प्रमाण पत्रको प्रतिलिपि ।
५. नेपाली नागरिकताको प्रमाण पत्रको फोटोकपी ।
६. निर्णयको प्रतिलिपि ।
७. प्रति पकेट १००० गोटा बाखा हुनुपर्ने ।
८. ५०% साझेदारी गर्ने प्रतिवद्धता पत्र ।
९. विगत २ बर्षदेखि कुनै पनि सरकारी अनुदान नलिएको सो-घोषणा पत्र ।
१०. सम्वन्धित वडा कार्यालयको सिफारिश ।
११. अन्य (कार्यालयले आवश्यक ठानेमा) ।

दमनदमन दहाल
प्रमुख प्रशासकीय अधिकृत

*पुनश्च: निवेदनको ढाँचा तथा अन्य अनुसूचिहरू यस नौमूले गाउँपालिकाको वेवसाइट naumulemun.gov.np तथा पशु सेवा शाखाबाट प्राप्त गर्न सकिने छ । यस विषयमा थप जानकारीका लागि नौमूले गाउँपालिका, पशु सेवा शाखाको सम्पर्क नं. ९८६५६८६८६९ मा सम्पर्क गर्न सकिने छ ।*

बोधार्थ:

श्री सूचना तथा प्रविधि शाखा: Website मा Upload गरीदिनु हुन ।